२०७५ श्रावण

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
अजयमेरु गाउंपालिका, डडेल्धुरा



## आर्थिक वर्ष २०७४/०७५ को

## वार्षिक

# प्रगति प्रतिवेदन


अजयमेरु गाउंपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
भद्रपुर, डडेल्धुरा
प्रदेश नं. ७, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
**प्राविधिक सहयोग इकाई**
डडेल्धुरा

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश....................2

१. पृष्ठभूमी....................5

२. लक्ष बमोजिम उपलब्धी....................6

२.१. भौतिक प्रगति....................6

२.२. क्षमता विकास....................7

२.३. जीविकोपार्जन कार्यक्रम....................8

३. अनुगमन तथा प्रतिवेदन....................9

४. प्रगती समीक्षा तथा योजना तर्जुमा....................10

५. नीति तर्जुमा....................11

६. सहकार्य....................11

७. आइपरेका समस्याहरु....................12

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण....................13

अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण....................14

अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यकमहरुको विवरण....................15

अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु....................17

अनुसूची ४ : भिजिविलिटी....................20

अनुसूची ५ : जनशक्ति विवरण....................21


## तालिका सूची


तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ३ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ५ : आयआर्जन सम्बन्धी विवरण
तालिका ६ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ७ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका ८ : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन
तालिका ९ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १० : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका ११ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | अजयमेरु गाउँपालिका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३२ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

| | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा)<br>(दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | पूँजीगत | १०,८३७.२०१ | १०,७१२.८५४ | १०,७१२.८५४ | ९९% |
| | कार्यक्रम/चालु: | ५,५५०.००० | ५,५५०.००० | ४,५८९.३४२ | ८३% |
| | **जम्मा** | **१६,३८७.२०१** | **१६,२६२.८५४** | **१५,३०२.१९६** | **९३%** |
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था**<br>(रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | स्थानीय तह | १,३०६.२०१ | १,१८१.८५४ | १,१८१.८५४ | ९०% |
| | नेपाल सरकार | ६,००९.००० | ६,००९.००० | ६,००९.००० | १००% |
| | दातृ निकाय (GoF/EU) | ९,०७२.००० | ९,०७२.००० | ८,१११.३४२ | ८९% |
| | **जम्मा** | **१६,३८७.२०१** | **१६,२६२.८५४** | **१५,३०२.१९६** | **९३%** |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | • गत आ.व. देखि कार्यान्वयनमा रहदै आएको घट्टीगाड खा. पा. तथा स. स. योजना सम्पन्न भई १२२ घरधुरीका ७४३ जनसंख्या शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् ।<br>• यसै आ.व. मा कार्यान्वयनका लागि सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका पत्थरखानी खा.पा. तथा स.स.योजना, परिम्याउला खा.पा. तथा स.स.योजना, ढाणखतेडा खा.पा. तथा स.स.योजना र सिलौटेखोला खा.पा. तथा स.स. योजनाहरुको कार्य करीव ७० प्रतिशत पुगेको छ र आगामी आ.व. मा यि योजनाहरुबाट १९७ घरधुरीका १,३८४ जनसंख्या खानेपानी सेवाबाट लाभान्वित हुनेछन् ।<br>• सम्पन्न भएका ३ योजनामा हालसम्म रु ६,४७,६८० मर्मत संभार कोषमा रहेको छ जुन रकम योजना दिगोपनको लागि महत्वपूर्ण आधार हो । साथै योजनाको दिगोपनलाई मध्यनजर गरेर प्रत्येक योजनाहरुले महिनामा रु १०० प्रति घरधुरी प्रति |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | महिना पानी शुल्क वापत रकम जम्मा गर्ने र सो को रेकर्ड अद्यावधिक गर्दै गइरहेका छन् ।<br>● सम्पन्न भएका ३ वटा र निर्माणधीन अवस्थामा रहेका ५ वटा योजनाहरुमा योजनाको सेवालाई सूचारु गर्नको लागि आवश्यक प्राविधिक सहयोग पुर्‍याउनको लागि ८ जना मर्मत संभार कार्यकर्ता नियमित रुपमा परिचालन भएका छन् ।<br>● यस गाउँपालिकामा हालसम्म सम्पन्न भएका ३ योजनाहरु मध्ये ३ योजनाहरुले पानी सुरक्षा योजना तथा मर्मत संभार कार्यविधि लागू गर्दै आएका छन् ।<br>● योजनाको दिगोपनको लागि यस गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच ३ दिने योजना दिगोपन कार्यशाला गोष्ठी संचालन गरी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गरेका छन् । |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | ● यस आ.व. मा ९ समूहका २२२ घरधुरीका १,२२६ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी ब्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।<br>● यस गाउँपालिकामा यस आ.व.मा ९ जनाले अगुवा कृषक तालिम पाई समूहमा घरवारी ब्यवस्थापनको लागि सहजिकरण गर्दै आइरहेका छन् ।<br>● यस आ.व. मा २ समूहका ३८ घरधुरीका २०९ जनसंख्या ब्यवसायिक तरकारी खेतीबाट न्यूनतम रु ३,५०० देखि रु १०,००० सम्म प्रति घरधुरीले आयआर्जन गर्दै आइरहेका छन् भने ३५ जनाले प्लाष्टिक घरमा बेमौसमी तरकारी खेती गर्दै आई सिजनमा रु ३,५०० देखि रु १२,००० सम्म आय बृद्धि गर्न सफल भएका छन् ।<br>● यस गाउँपालिकामा यस आ.व.मा २ जनाले स्थानीय श्रोत ब्यक्ति विकास तालिम प्राप्त गरी घरवारी ब्यवस्थापन, ब्यवसायिक तरकारी खेती जस्ता प्रविधिकमा कृषकहरुलाई आवश्यकता अनुसार सहयोग गर्दै अइरहेका छन् ।<br>● यस गाउँपालिकामा यस आ.व.मा २२२ जना कृषकहरुले Low Cost Technolgy सम्बन्धि कृषि प्रविधिको ज्ञान हासिल गरी आफ्नो घरवारीमा उपयोग गर्दै आइरहेका छन् । |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | ● यस आ.व. मा यस गाउँपालिकामा १८१ वटा सुधारिएको चुल्हो निर्माण सम्पन्न भई १८१ घरधुरीका ९४१ जनसंख्या लाभान्वित भएका छन् । यसरी हालसम्म यस गाउँपालिकामा २४५ घरधुरीका १,२७४ जनसंख्या सुधारिएको चुल्होबाट लाभान्वित भएका छन् । |

| | |
|---|---|
| | • यस गाउँपालिकामा यस आ.व.मा जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम न्यूनिकरणको लागि खासै उपलब्धी हासिल हुन सकेन् तर योजनाको स्रोत संरक्षण गर्ने कार्य योजना सम्पन्न गर्ने बेलामा गरिएको छ। |
| नतिजा ४ : क्षमता विकास | • महिला मैत्री बजेट तथा कार्यक्रम तर्जुमाका लागि गाउँपालिकास्तरीय ३ दिने निर्णयमा महिला विषयक गोष्ठीले महिलाका सवालहरुमा कार्ययोजना बनाई गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गरी कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ।<br>• योजनाको दिगोपनको लागि यस गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच ३ दिने योजना दिगोपन कार्यशाला गोष्ठी संचालन गरी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गरेका छन्।<br>• आर्थिक तथा सामाजिक कार्यका साथै विकास निर्माणको कार्यलाई टेवा पुर्‍याउने उद्देश्यले सहकारी विकास तथा प्रवर्द्धनका लागि गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच कार्यशाला गोष्ठी संचालन पश्चात एक सबल सहकारी विकास गर्ने र सोको परिचालन गर्ने लक्ष्य लिइएको छ।<br>• जलस्रोत तथा जिविकोपार्जनको क्षेत्रमा प्रभावकारी योजना तर्जुमा गर्न अजयमेरु गाउँपालिकाको समग्र गलउपयोग गुरुयोजना समायोजन तथा जीविकोपार्जन योजना निर्माण भएको छ।<br>• गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना व्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका कियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन भूमिका निर्वाह गरेको छ।<br>• निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका र निर्माणधीन अवस्थामा रहेका ५ योजनाहरुमा ६ जना ग्रामीण मर्मत संभार कार्यकर्ता विकास गरी परिचालन भएका छन्। |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (RVWRMP)राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ। जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/४/८ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विश्लेषण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये सत प्रतिशत निकासा भै ९३ प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार तर्फको पूरै रकम खर्च भएको छ भने दातृ निकाय तर्फको रु. ९,६०,६५८ अर्को वर्षमा सरी गएको छ। स्थानीय तहको विनियोजित मध्ये रु. १,२४,३४७ खर्च नभई आगामी वर्षमा सरी गएको छ। यस स्थानीय तहमा बजेटको तुलनामा ९३% आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका १ वटा भौतिक निर्माण तर्फका योजना मध्ये १ वटा योजना सम्पन्न भएको छ भने ४ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन्। त्यसैगरी २ वटा खानेपानी तथा सरसफाइ योजनाको उपभोक्ता समितिहरु मार्फत १८१ वटा सुधारिएको चुल्होहरु निर्माण भएका छन्।

यस प्रतिवेदनमा अजयमेरु गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा पनि गरिएको छ।

## २. लक्ष बमोजिम उपलब्धी

### २.१. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- गत आ.व. देखि कार्यान्वयन चरणमा रहदै आएका प्रस्ताव गरिएको १ वटा खानेपानी योजना सम्पन्न भई १२२ घरधुरीका ७४३ जनसंख्या शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् ।
- यस आ.व. देखि कार्यान्वयन चरणको सम्झौता भई कार्यान्वयन चरणमा रहेका प्रस्ताव गरिएका ४ वटा खानेपानी योजनाहरुको भौतिक निर्माण कार्य औषतमा ७० प्रतिशत सम्पन्न भएको र आर्थिक खर्च ५० प्रतिशत रही आ.व. २०७५/०७६ मा सम्पन्न हुने लक्ष्य लिइएको छ जस्ले सम्पन्न पश्चात १९७ घरधुरीका १,३८४ जनसंख्यालाई शुद्ध खानेपानीबाट लाभान्वित गराउने छ ।
- यस आ.वा. मा यस गाउँपालिकामा सम्पन्न गर्ने लक्ष्य लिई प्रस्ताव गरिएको २४० वटा सुधारिएको चुल्हो मध्ये १८१ वटा सुधारिएको चुल्हो निर्माण सम्पन्न भई १८१ घरधुरीका ९४१ जनसंख्या लाभान्वित भएका छन् ।
- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ९ वटा घरवारी व्यवस्थापन समूह मध्ये ९ समूहका २२२ कृषकहरुलाई तालिम दिई २२२ घरधुरीका १,२२५ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।

*तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | १ | ७४३ | १ | ७४३ | १००% | १००% |
| २ | घरबारी व्यवस्थापन | ९ समूह | २२२ | ९ समूह | १,२२५ | १००% | १००% |
| ३ | सुधारिएको चुल्हो | २४० | १,२४८ | १८१ | ९४१ | ७५.५% | ७५.५% |

प्राय सबै प्रस्तावित योजनाहरु आशा गरे अनुसारकै समयमा सम्पन्न भएपनि तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिमका केहि योजनाको संख्या लक्ष अनुसार सम्पन्न हुन नसकी लक्षित उपलब्धी हासिल हुन सकेन ।

*तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| क.सं. | लक्ष गरिए बमोजिम सम्पन्न हुन नसकेको योजना तथा कार्यक्रम | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|---|
| १ | सुधारिएको चुल्हो निर्माण कार्य ( निर्माण गर्नु पर्ने चुल्हो संख्या: २४०, सम्पन्न भएको संख्या: १८१) | सम्झौता ढिलो हुनु, अन्य निकायको सहयोग गर्ने रकम बढी हुनुले गर्दा प्रस्तावित सबै संख्यामा चुल्हो निर्माण हुन सकेनन् । | आ.व.को शुरुवातसँगै सम्झौता गर्ने र सबै निकायको सपोर्ट मोडालिटी एउटै बनाउने । |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.२. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- यस आ.व.मा यस गाउँपालिकामा जम्मा लक्षित १ वटा योजनामा चरणबद्ध कार्यतलिका अनुसारका क्रियाकलापहरु मध्ये १ वटा योजनाहरुमा चरवद्ध कार्यतालिका बमोजिमका सबै तालिमहरु सम्पन्न भई उपभोक्ता समितिको क्षमता विकास भएको छ ।
- योजना गरिएको योजना दीगोपन सम्बन्धि गाउँपालिकास्तरीय विभिन्न सरोकारवाला निकायहरुको ३ दिने गाँउपालिका स्तरीय कार्यशाला गोष्ठी गाउँपालिका प्रतिनिधि, सम्पन्न खानेपानी योजनाका उपभोक्ता समिति प्रतिनिधि, सहकारी प्रतिनिधि, परियोजनाका प्रतिनिधि तथा अन्य सरेकारवाला निकायका प्रतिनिधिहरु बीच बृहत छलफल गरी निर्माण योजनाहरुको दिगो ब्यवस्थापनका लागि खेल्नु पर्ने आ-आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्ने सम्बन्धि गाउँपालिकाको ९ बुँदे र उपभोक्ता समितिको १६ बुँदे संयुक्त प्रतिवद्धता सहित सम्पन्न भएको छ ।
- गाउँपालिका ग्रामीण जलस्रोत ब्यवस्थापन परियोजनाको परियोजना ब्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका क्रियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन गाउँपालिकाको क्षमता अभिबृद्धिमा भूमिका निर्वाह गरेको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १८ अगुवा कृषकहरु मध्ये  ९ समूहबाट ९ अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका २ जना स्थानीय स्रोत ब्यक्तिहरु मध्ये २ जना स्थानीय अगुवा कृषकहरुलाई स्थानीय स्रोत ब्यक्ति विकास गरी गाउँपालिकामा घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका र निर्माणधीन अवस्थामा रहेका ४ योजनाहरुमा ५ जना ग्रामीण मर्मत संभार कार्यकर्ताहरुलाई १२ दिनको प्राविधिक तालिम दिई सिप विकास गरी परिचालन भएका छन् ।
- जलस्रोत तथा जिविकोपार्जनको क्षेत्रमा प्रभावकारी योजना तर्जुमा गर्न अजयमेरु गाउँपालिकाका वार्ड देखि गाउँपालिकास्तरका जनप्रतिनिधिहरु तथा समुदायको क्षमता विकासका साथै गाउँपालिकाको समग्र जलउपयोग गुरुयोजना समायोजन तथा जीविकोपार्जन योजना निर्माण भएको छ ।
- सुधारिएको चुल्हो निर्माण तथा मर्मतका लागि ६ जनालाई सुधारिएको चुल्हो निर्माण तथा मर्मत संभार तालिम संचालन गरेको र हाल तालिमप्राप्त ब्यक्तिहरुले चुल्हो जडान गर्ने कार्य गर्दै आइरहेका छन् ।

*तालिका ३ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | १३ | १४ | ० | ० | २४३ | ३१५ | २५६ | ३२९ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | १४ | २ | ० | ० | १९२ | ४५ | २०६ | ४७ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | ० | ० | १ | ११ | १ | ११ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | १९ | ३२ | ० | ० | ६६ | ४२१ | ८५ | ४५३ |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ६ | ० | ६ |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | ६ | २ | ० | ० | ४१ | ६४ | ४७ | ६६ |
| **जम्मा** | **५२** | **५०** | **०** | **०** | **५४३** | **८६२** | **५९५** | **९१२** |

क्षमता विकास तालिमको साथ साथै यस गाउँपालिकामा विभिन्न लक्षित बर्गको लागि विभिन्न जनचेतना जगाउने खालका जस्तैः अन्तराष्ट्रिय नारी दिवस, विश्व पानी दिवस, महिनावारी स्वच्छता दिवस, राष्ट्रिय सरसफाइ सप्ताह, विभिन्न स्कुलहरुमा स्वस्थ्य तथा सरसफाइ सम्बन्धि कक्षा संचालन, विभिन्न समुदाय तथा समूहमा पोषण थाली प्रदर्शन, बैठकहरु, आदि जस्ता कियाकलापहरु सञ्चालन भएका छन् । यसरी यि कियाकलापहरुमा समुदायको उल्लेख्य सहभागिता रहेको थियो । यस गाउँपालिकामा विभिन्न मितिमा सम्पन्न भएका तालिम तथा कार्यक्रमहरुमा कुल ४,६४१ जनाको सहभागिता रहेको थियो जसमा ६२.१८% प्रतिशत महिला तथा ११.३६% प्रतिशत दलित समुदायको सहभागिता रहेको थियो ।

तालिम तथा विभिन्न कार्यक्रमको विस्तृत विवरण अनुसूची २ (क) र (ख) मा दिइएको छ ।

## २.३. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ९ वटा घरवारी व्यवस्थापन समूह मध्ये ९ समूहका २२२ कृषकहरुलाई तालिम दिई २२२ घरधुरीका १,२२५ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १८ अगुवा कृषकहरु मध्ये ९ समूहबाट ९ अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका २ वटा व्यवसायिक आय आर्जन समूह मध्ये २ समूहका ३८ कृषकहरुलाई तालिम दिई ३८ घरधुरी व्यवसायिक रुपमा तरकारी खेती गर्दै आइरहेका छन् र उनिहरुको आयआर्जनमा यस आ.व.मा प्रति परिवार रु ३,५०० देखि रु. १०,००० सम्म बृद्धि भएको छ ।
- यस अजयमेरु गाँउपालिका मा आर्थिक तथा सामाजिक कार्यका साथै विकास निर्माणको कार्यलाई टेवा पुर्‍याउने उद्देश्यले सहकारी विकास तथा प्रवर्द्धनका लागि गाउँपालिकामा गाउँपालिकास्तरीय १ दिने सबै सरोकार राख्ने निकायहरु बीच कार्यशाला गोष्ठी संचालन पश्चात एक सबल सहकारी विकास गर्ने र सोको परिचालन गर्ने लक्ष्य लिइएको छ

*तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ० | ० | ० | ० | ८५ | ८५ | ० | ० | ८५ | ८५ |
| ४ | ४ | ० | ७३ | ७७ | १२ | ० | १०४ | ११६ | १६ | ० | १७७ | १९३ |
| **जम्मा** | **४** | | **७३** | **७७** | **१२** | **०** | **१८९** | **२०१** | **१६** | **०** | **२६२** | **२८७** |

*तालिका ५ : आयआर्जन सम्बन्धी विवरण*

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी खेती | १ | ० | ३७ | ३८ |
| २ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | २ | २ |
| **जम्मा** | | १ | ० | ३९ | ४० |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि गाउँपालिकाको अनुगमन संयन्त्रलाई परियोजनाको कार्यविधि अनुसार आवश्यकता अनुसार अनुगमन गर्न अधिकार दिने र सोहि अनुसार आवश्यकता अनुसार अनुगमन गर्ने गरिएको छ ।

*तालिका ६ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम यस आ.व.मा गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | घट्टीगाड खा.पा. तथा स.स.योजना | १ | १ | १ |
| २ | परिम्याउला खा.पा. तथा स.स.योजना | २ | २ | २ |
| ३ | पत्थरखानी खा.पा. तथा स.स.योजना | २ | २ | २ |
| ४ | ढाणखतेडा खा.पा. तथा स.स.योजना | २ | २ | २ |
| ५ | सिलौटेखोला खा.पा. तथा स.स.योजना | २ | २ | २ |
| | **जम्मा** | ९ | ९ | ९ |


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

*तालिका ७ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १० | २ |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | २ | १ |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | **१६** | **१३** | **३** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका ८ : अनुगमनमा औँल्याइएका सुझावहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाव | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७५/०२/३१ | • भौचर नं. १८ र ३१ मा भएको कियाकलाप प्रस्तावना स्वीकृत गर्नेमा हस्ताक्षर हुनु पर्ने<br>• भौचर नं. ३२ मा कियाकलाप सम्पन्न प्रतिवेदन संलग्न हुनु पर्ने | • हस्ताक्षर भैसकेको<br>• प्रतिवेदन संलग्न भैसकेको |
| | | | |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको आर्थिक वर्षमा भएको आम्दानी र खर्च भएको रकमको विवरण गाउँपालिकाको सूचना पाटीमा मिति २०७५ श्रावण १५ गते टाँस गरिएको र कार्यालयको वेवसाइटमा पनि राखिने छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका ९ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७४/५/१५ | गाउँपालिका स्तरिय परियोजना व्यवस्थापन समिति गठन, जि.स.स.बाट हस्तान्तरण भई आएका सहयोगि व्यक्ति परिचालन तथा सेबा सुबिधा तोकेको, बार्षिक कार्यक्रम तथा बार्षिक कार्य योजना निर्माण भई स्वीकृत भएको । |
| २ | २०७४/६/२ | अजयेमरु गा .पा. वडा नम्बर ४ अन्तरर्गत साउन र भदौ महिना मा ग्रा.ज.व्य.प.द्धारा विभिन्न कृयाकलापको समिक्षा, ग्रा.ज.व्य.प.को लागि फोकल पर्सनको रुपमा गाउँपालिका अन्तरर्गत योजना शाखा प्रमुख लाई तोक्ने निणर्य भएको । |
| ३ | २०७४/७/२७ | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस अजयमेरु गा.पा.भित्र RVWRMP को असोज र कार्तिक महिनामा गरिएका क्रियाकलापको समिक्षा, जलउपयोग गुरुयोजना प्रथमिकतामा रहेका खानेपानी योजनाहरु कुनै अन्य संस्थाले सञ्चालन गरेको भए सो योजनाको वास्तबिक पत्ता लगाई प्रथामिकरणबाट हटाई प्राथमिकतामा रहेका अन्य योजना |


GOVERNMENT OF NEPAL
EUROPEAN UNION

| | | |
|---|---|---|
| | | प्रकृयामा अगाडि बढाउने निर्णय भएको, RMPMC का पदाधिकारीहरुलाई अभिमुखिकरण, PSU मा प्रगति विबरण पेश गर्ने र अध्ययन अवलोकन भ्रमण सम्बन्धमा छलफल । |
| ४ | २०७४/९/१९ | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस अजयमेरु गा.पा.भित्र RVWRMP को मंसिर र पौष महिनामा गरिएका कियाकलापको समिक्षा र नयाँ योजनाहरुको कार्यान्वयनका लागि सम्झौता गर्ने सम्बन्धमा छलफल । |
| ५ | २०७४/११/३० | आगामि बर्षको कार्यक्रम तयार गर्ने सम्बन्धमा र निर्णयमा महिला गोष्ठीको बार्षिक कार्ययोजना पास गर्ने सम्बन्धमा निर्णय भएको । |
| ६ | २०७४/१२/१३ | जलउपयोग गुरुयोजना समायोजन तथा जिविकोपार्जन कार्यान्वयन योजना निमार्ण, अजयमेरु गाँउपालिका अन्तरगत संञ्चालित ग्रामिण ज.व्य.प को चालु आ.ब. २०७४/०७५ को पुजिगत कार्यक्रम संसोधन गरिएको, घट्टिगाड खा.पा. तथा स.स.योजनाको अन्तिम किस्ता रकम निकासा गर्ने निर्णय भएको । |
| ७ | २०७५/२/२ | गत अवधिको द्वैमासिक प्रगति समिक्षा, सरसफाई सप्ताह र महिनावारी स्वच्छता दिवस मनाउने विषयमा निर्णय भएको । |
| ८ | २०७५/२/१८ | गत अवधिको द्वैमासिक प्रगति समिक्षा, सहयोगी संस्था छनोटको प्रकृया अगाडी बढाउने निर्णय, सहयोगी संस्था छनोट समिति र सहजिरण सहयोगका लागि परियोजनालाई अनुरोध गर्ने सम्बन्धमा निर्णय भएको । |
| ९ | २०७५/३/२३ | प्रगति समिक्षा, आगामी आ.ब. २०७५/०७६ को लागि जनशक्ति ब्यवस्थापन तथा फिल्ड अफिस सम्झौता अवधि थप गर्ने सम्बन्धमा निर्णय भएको, गाउपालिकास्तरीय योजना दिगोपन ब्यवस्थापन सम्वन्धि कार्यशाला गोष्ठी संचालन, सहयोगी संस्थाको छोटो सुचिका लागि मुल्याँकन गर्ने र गाउँपालिकास्तरिय परियोजना ब्यवस्थापन समिति सदस्यहरुको बैठक खर्च, सुधारिएको चुल्होको अन्तिम किस्ता निकासा सम्बन्धमा निर्णय भएको । |
| १० | २०७५/३/२६ | सहयोगी संस्थाको छोटो सूचिका लागि मूल्याँकन गर्न जिम्मेवारी सम्बन्धमा, सहयोगी संस्था संक्षिप्त सूचि मूल्याँकन फाराम स्वीकृत गर्ने सम्बन्धमा निर्णय भएको । |
| ११ | २०७५/३/२७ | छनौट समितिले पेश गरेको सहयोगी संस्था संक्षिप्त सूचि मूल्याँकन प्रतिवेदन अनुमोदन, सहयोगी संस्थाको छोटो सूचि प्रकाशन, प्राविधिक र आर्थिक प्रस्तावना माग गर्ने सम्बन्धमा निर्णय भएको । |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. निर्णयमा महिला विषयमा कार्ययोजना बनाई गाउँकार्यपालिकाको बैठकले अनुमोदन गरेको ।

२. गाउँपालिकास्तरीय जलउपयोग गुरुयोजना समायोजन गरी गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण भएको (सबै वडाहरुको योजना गोष्ठी भैसकेको तर गाउँपालिकास्तरीय गोष्ठी हुन बांकी) ।

३. गाउँपालिकास्तरीय जीविकोपार्जन कार्यान्वयन योजना निर्माण हुने कममा रहेको (सबै वडाहरुको योजना गोष्ठी भैसकेको तर गाउँपालिकास्तरीय गोष्ठी हुन बांकी) ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

*तालिका १० : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. |
|---|---|---|---|---|
| १ | कृषि शाखा | व्यबसायिक तरकारी खेति तालिम | नगद | २५,००० |
| २ | स्वास्थ्य शाखा | राष्ट्रिय सरसफाइ सप्ताह | नगद | ५०,००० |
| ३ | रेडियो युनिटी ९२.२ मेगाहर्ज, डडेल्धुरा | कार्यक्रम समृद्धि र सम्मान प्रसारणमा सहकार्य | नगद | १३,७५० |

## ७. आइपरेका समस्याहरु

यस आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा खासै मुख्य समस्याहरु आई परेनन् तर सामान्य निम्न बमोजिमका समस्याहरु आइपरेका थिए, जसको समाधान गर्न निम्न उपायहरु अवलम्बन गरिएको थियो र बानी ब्यहोरा परिवर्तनमा अझै समय लाग्ने देखिन्छ ।

*तालिका ११: आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | गोठेमल ब्यवस्थापन | स्थान अभावका कारण र परम्परागत घर निर्माणको अवस्थाले गर्दा आशा गरे अनुसार परिवर्तन गर्न नसकिए पनि गोठ सुधार र गोठेमल ब्यवस्थापनको लागि समूहहरुमा विशेष छलफल गरिएको । |
| २. | महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग | समुदायमा छलफल गरी महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग गर्नमा जोड दिइएको र विभिन्न जनचेतना जगाउने कार्यहरु गरेको । |

## मा संचालित योजनाहरुको विवरण

| वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च (रु) | यस आ.व.मा भएको खर्च (रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| **योजना** | | | | | | | |
| ४ | ८६६१८५७ | ७३१६७४९ | ३४२२८०६ | ५७७४५७ | सम्पन्न | | ७४३ |
| १ | २३६७७११ | १३००००० | १३००००० | ११६१४४ | कमागत भई जाने | १३२७२६६ | |
| १ | १३५५२३१ | ७४९८७५ | ७४९८७५ | ९२२५९ | कमागत भई जाने | ७६९८७५ | |
| ४ | २७८६६४२ | १५३६७५१ | १५३६७५१ | १४३४३० | कमागत भई जाने | १५३६७५१ | |
| ४ | ६३३८५०१ | ३४९५४९६ | ३४९५४९६ | ३२६२४६ | कमागत भई जाने | ३४९५४९६ | |
| **जना** | | | | | | | |
| १ र ४ | २३४०६२ | २०७९२६ | २०७९२६ | ६६७९० | सम्पन्न | | ९४१ |

*वेस, सम्पर्क जिल्लाको* **TSU**)

## अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि (दिन) | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समितिलाई अभिमुकिरण गोष्ठी | १ र ४ | १ | ४ | १ | १ | ० | ० | २० | २८ |
| २ | सरसफाई तथा लैगिंक समानता तथा समाजिक समावेशीकरण गोष्ठी | १ र ४ | २ | ४ | १ | १ | ० | ० | २० | २८ |
| ३ | घरबारि व्यवस्थापन तथा आयआर्जन गोाष्ठी | १ र ४ | १ | ४ | १ | १ | ० | ० | २० | २० |
| ४ | लेखा व्यवस्थापन गोष्ठी | १ र ४ | १ | ४ | १ | १ | ० | ० | २० | २० |
| ५ | मर्मत सम्भार तथा पानी सुरक्षा योजना गोष्ठी | १ र ४ | १ | ५ | १ | ० | ० | ० | ३२ | ३७ |
| ६ | सामुदायीक कार्य योजना | १ र ४ | १ | ४ | १ | १ | ० | ० | २० | २८ |
| ७ | निमार्ण पश्चातको गोष्ठी | ४ | १ | १ | १ | ० | ० | ० | ३ | ७ |
| ८ | निमार्ण पूर्वको गोष्ठी | १ र ४ | १ | ४ | १ | २ | ० | ० | २० | २८ |
| ९ | निर्माण अबधिको गोष्ठी | १ र ४ | १ | ४ | १ | २ | ० | ० | २० | २८ |
| १० | लेखा व्यबस्थापन पूनर्ताजगि तालिम | १ र ४ | १ | ४ | १ | २ | ० | ० | २० | २८ |
| ११ | सार्वजनिक जनलेखा पाीक्षण तयारि गोष्ठी | १ र ४ | १ | ४ | १ | २ | ० | ० | २० | २८ |
| १२ | गा.पा.स्तरीय उपभोक्ता समिति व्यवस्थापन तालिम | | ३ | १ | १ | १ | ० | ० | ८ | १२ |
| १३ | पानी सुरक्षा योजना तालिम | ४ | ३ | २ | १ | ० | ० | ० | २० | २३ |
| **सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| | | | | | | | | | | |
| **जिवीकोपाजन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | सहकारी बिकास सबलीकरण गोष्ठी | १ देखि ६ | १ | १ | २ | २ | ० | ० | ९ | ३७ |
| २ | घरवारी व्यवस्थापन तालिम | १ र ४ | ३ | ९ | १२ | ० | ० | ० | १५५ | ३४ |
| | | | | | | | | | | |
| **स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | मर्मत सम्भार कार्यकर्ता | १र४ | १४ | १ | ० | ० | ० | ० | ० | ५ |
| २ | अगुवा कृषक तालिम | | | १ | ० | ० | ० | ० | ५ | ४ |
| ३ | नर्सरि नाईके तालिम | ४ | | १ | ० | ० | ० | ० | ० | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ग्रामिण कृषि कार्यकता | १ र ४ | | १ | ० | ० | ० | १ | १ | २ |
| **जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | वडा स्तरिय जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना गोष्ठी | १ देखि ६ | | २ | १९ | ३२ | ० | ० | ६६ | ४२१ |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | सुधारिएको चुल्हो निर्माण तालिम | १ देखि ६ | ५ | १ | ० | ० | ० | ० | ० | ६ |
| | | | | | | | | | | |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | निर्णयमा महिला बिषयक गोष्ठी | १ देखि ६ | ३ | १ | ४ | ० | ० | ० | २७ | ४ |
| २ | योजना दिगोपन ब्यवस्थापन सम्वन्धि गोष्ठी | १ देखि ६ | ३ | १ | ० | ० | ० | ० | ५ | २३ |
| ३ | सहकारी बिकास तथा सबलीकरण गोष्ठी | १ देखि ६ | १ | १ | २ | २ | ० | ० | ९ | ३७ |

## अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण

| क्र.सं. | सञ्चालित कार्यक्रमको नाम | वडा नं. | अवधि (दिन) | संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिनावारी स्वच्छता दिवश | ४ | १ | १ | १ | ० | ० | ० | ५८ | ३८ |
| २ | राष्ट्रिय सरसफाई सप्ताह | १ देखि ६ सम्म | ७ | १ | ३९ | २१ | ० | ० | २९२ | १९४ |
| ३ | विश्व पानी दिवश | १ र ४ | १ | १ | ३ | २ | ० | ० | ८५ | ४० |
| ४ | समुदायस्तरमा पुर्ण सरसफाइ तथा छाउपडी सम्बन्धि छलफल | १ र ४ | | | ६३ | ७३ | ० | ० | ३३४ | ११५ |
| ५ | समुदाय तथा समूहस्तरमा पोषण थाली प्रदर्शन तथा छलफल | १ र ४ | | | ३६ | २२ | ० | ० | ३३३ | ११० |
| ६ | बिद्यालयस्तरमा सरसफाइ स्वच्छता सम्बन्धि कक्षा सञ्चालन | १ देखि ४ सम्म | | २३ | ८२ | ६६ | ० | ० | ५९० | ४४१ |
| ७ | अन्तराष्ट्रिय नारी दिवश | | १ | १ | १५ | ३ | ० | ० | ६९ | ९ |
| | **जम्मा** | | | | **२३९** | **१८७** | **०** | **०** | **१,७६१** | **९४७** |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

### चिपुर गाउँको मुहार फेरियो

डडेल्धुरा जिल्लामा रहेको साबिकको ५ वटा गा बि स समेटिएर अजयमेरु गाउँपालिका स्थापना गरिएको छ । यस गा पा को पुर्व मा अमरगढी नगरपालिका पश्चिममा बैतडी जिल्लाको मेलौली नगरपालिका उतरमा पाटन नगरपालिका ,दक्षिणमा अमरगढी नगरपालिका र भागेश्वर गाउँपालिका रहेका छन । यस गा पा को कूल जनसख्या १७०६६ मध्ये महिला संख्या ९१७२ र पुरुष को संख्या ७८९४ रहेको छ । यस गाँउपालीका भित्र सांस्कृतीक ऐतीहासीक धरोहरका रुपमा अजयमेरुकोट, जगन्नाथ, डागेश्वरी, गंगेश्वर, दुर्गाभगवती, बिरवेताल, कोला समैजी जस्ता मन्दीरहरु रहेका छन् ।

यस अजयमेरु गाउँपालिका को वार्ड नं. ०४ मा ५६४ घरधुरी रहेको र जसमध्ये चिपुर टोलमा ३२ घरधुरी रहेको सानो टोल अवस्थित छ । जहां दलीत २ परिवार र अन्य ३० परिवार को वसोवास रहेको छ । भने जनसंख्या १३५ रहेको छ । यसै गाउ निवासी विमला ऐडी ज्यु जो ३२ वर्षका हुनुहुन्छ । उहांका एक छोरा दुई छोरी र श्रीमान गरी जम्मा ४ जना को परीवार सुखी परीवार छ । आफ्नो यस चिपुर गाउँको वारेमा उहाँ भन्नुहुन्छ "पहिला यहाँ सरसफाईको अवस्था कमजोर रहेको थियो, यस्का साथै खानेपानीको समश्या पनि हाम्रो गाउँमा विद्यमान रहेको थियो । स्थानीय कुवा (नाउलो) र धारावाट सवै घरधुरीले पानी लिन जानुपर्ने बाध्यता थियो । छाउ(महिनावारी) हुँदा जथाभावी खुला दिशा पिसाब गर्ने चलन थियो । दिशा पिसाव गर्न छाउ भएका दिदि वहिनीहरु खोलानाला तीर जाने गर्दथे। छाउहुँदा गाई भैसी तथा वाख्रा राख्ने गोठमा छाउ भएको दिदी बहिनीले वस्नु पर्ने बाध्यात्मक परिस्थिति रहेको थियो हाम्रो गाउँमा । जथाभाबी फोहर फाल्ने, ब्यक्तिगत तथा घरायसी सरसफाई तिर ध्यानै नदिने, घरायसी अन्य काममा मात्र समय खर्च गर्ने प्रबृति वढी थियो । जोखिमपूर्ण अवस्थामा समेत अधिकांस मानिसहरुले साबुन पानीले हात नधुने, पानीको भाडा खुला राख्ने, बासी खानाको प्रयोग गर्ने, पानी सुद्धिकरण गर्ने कुनै पनि विधिको प्रयोग नगर्ने जस्ता आनीवानीले गर्दा झाडा पखाला तथा पानी जन्य रोग बढी लाग्दथे । घर आँगन, टोल, समुदाय चारैतिर फोहरै फोहर हुने वातावतरण थियो । महीनावारी हुदां चर्पीमा दिशा गर्दा देउता रिसाउने, छाउ भएको महिलाले दुध दही खाँदा गाईको थुना बाट रगत आउँछ भन्ने जस्ता पुराना परम्पागत रुढिबादि ग्रस्त प्रथाले जरागाडेको अवस्था थियो ।"

विमला भन्नुहुन्छ : ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना शुरु भई यसले कार्यान्वयन गर्न थालनी गरिसके पश्चात हामी धेरै परीर्वतन भएका छौं । प्रत्येक घरमा सरसफाई अभियान संचालन गरि ब्यवस्थीत र सरसफाईयुक्त घर आँगन निर्माण गरेका छौं । हाम्रो यस टोलका ३२ वटै घरमा चाङ, जुठ्यान, फोहरफाल्ने खाल्टो निर्माण, सुधारिएको चुल्हो निर्माण संग संगै घरवारी ब्यवस्थापन समेत गरेका छौं । प्रत्येक महिना सरसफाई सम्वन्धि नियमित वैठक वसी बैठकमा सरसफाईको महत्व, पानी जन्यरोगको प्रकोप, कृषि तथा घरवारी ब्यवस्थापन सम्बन्धि छलफल र अनुगमन गर्ने गरिएको छ । घरयसी सरसफाई संगै टोल र समुदायको नियमित सरसफाई गर्न टोली गठन गरि परिचालन तथा नियमित अनुगमन गर्ने समेत गरिएको कुरा वताउनु भयो । महिनावारी भएका वेला समेत चर्पीको प्रयोग गर्ने प्रचलन हाम्रो समाजमा चलि सकेको छ । सवै घरमा सुधारिएको आधुनिक वाटरसिल चर्पी निर्माण तथा ब्यवस्थित प्रयोग गरिएको छ । घर वरिपरिको फोहर फाल्न छुट्टै खाल्टो निर्माण र यस्को प्रयोग गर्ने गरिएको, भाँडा सुकाउने चाङ तथा जुठ्यान वनाई त्यस्को उचित प्रयोग गर्ने गरिएको छ । खानेपानी योजना ब्यवस्थित रुपमा सम्पन्न गरिएको छ । घट्टीगाड खानेपानी तथा सरसफाई योजनाका कोषाध्यक्ष धर्म सिंह विष्टका अनुसार "यस योजनामा जम्मा ३६ वटा धाराहरु निर्माण सम्पन्न भई सकेका छन । जस मध्ये चिपुर टोलमा मात्र स्थानीय बजार र सेवाकेन्द्रहरु सहित १५ वटा धारा निर्माण सम्पन्न गरिएको छ । यस टोलमा औषतमा ३ घरधुरीले एक धारा प्रयोग गर्ने गरि योजना सम्पन्न भएको छ ।"

खानेपानी तथा सरसफाई योजना सम्पन्न भए पश्चात हामीलाई पानी भर्ने समयको वचत तथा सहजता भएको छ साथ साथै सरसफाई गर्नमा समेत ठूलो टेवा पुगेको छ । पानी सुद्धिकरण गरि पिउनका लागि प्रत्येक घरमा फिल्टरको प्रयोग गर्ने गरिएको छ भने हरेक घरधुरीमा सुधारिएको चुल्हो प्रयोग गर्दा घरायसी रुपमा सरसफाईमा ठुलो टेवा पुगेको छ । जस्ले गर्दा भान्सामा काम गर्ने देखि वालवालिकाहरुको स्वास्थ्यमा समेत सुधार आएको छ । अहिले हाम्रो समुदायमा झाडापखाला, आउँ, हैजा जस्ता पानी जन्य रोगहरु, आँखामा लाग्ने रोगहरु तथा स्वास प्रस्वास सम्वन्धि रोगहरु लाग्ने दर न्युन भएको छ । फलस्वरुप हाम्रा वालवालिकाहरुको विरामी हुने दरमा कमी आएको छ । पहिलाको भन्दा आजभोली धेरै कम मानिसहरु विरामी भएको हामीले पाईरहेका छौं । यस्का साथै खेर गएको पानीको प्रयोग गरि घरवारी ब्यवस्थापन गरि घरायसी प्रयोगका लागि सवै घरधुरीले सिजलन तथा अफसिजनल तरकारी उत्पादन गरि प्रयोगमा ल्याएका छन भने केही घरधुरीले ब्यवशायिक रुपमा तरकारी उत्पादन गरि आआर्जन समेत गरि रहेको कुरा घट्टीगाड खा.पा.तथा स.स.का कोषाध्यक्ष धर्म सिंह बिष्ट वताउनु हुन्छ ।

महिला स्वास्थ्य स्वयम सेवक ईश्वरी ऐडी भन्नु हुन्छ : "सुधारिएको चुल्हो प्रयोग गर्दा खाना पकाउन दाउरा कम लाग्ने, समयको बचत, कामको बोझमा पनी कमी आएको छ भने वन जंगलको अनावश्यक रुपमा भई रहेको विनास कार्य पनि केही हद सम्म कम भएको छ


GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

।" घरधुरी भ्रमण तथा पुर्ण सरसफाई सो अनुगमन (HLTS) गर्ने दौरानमा प्रत्येक घरधुरीमा गदै आएको टिगरीङ टुल्स प्रयोग र नियमित बैठक बसी छलफल गर्दा यस समुदायमा चर्पीमा दीसा पिसाब गर्दा केही नहुने भनी महशुषीकरण भए पछी महिनाबारी हुदा प्रत्येक घरधुरीले चर्पी प्रयोग गर्न थालेका छन । जसले गर्दा बिभिन्न रोग लाग्न वाट कमी भई घरायसी, सामुदायिक तथा वातावरणीय सरसफाईमा टेवा पुर्याएको छ । यस्को दिगोपनाका लागि चिपुर टोलमा महिला सरसफाई समिति, बजार व्यवस्थापन समिति गठन भएको छ । जस्ले सरसफाईमा निरन्तरता दिने साथै वडा कार्यालय, स्वास्थ्य संस्था, सरोकारवाला सवैले पहल गरी पुर्ण सरसफाई युक्त टोल बनाउन अगाडी बढने प्रतिबद्धता जाहेर गरेका छन् ।



## घरवारी व्यवस्थापनले ल्यायो जीवनस्तरमा सुधार

अजयमेरु गाउँपालिका वडा नं. ४ चिपुरमा बस्ने सीता देवी विष्टका अनुसार "यस अघि घरवारी व्यवस्थापन सम्वन्धि खासै कुनै कार्यक्रम लागु भएको थिएन सागपात तरकारि हुदैन थियो गांउघरमा सिजन अनुसारको सागपात मात्र हुन्थ्यो र त्यसैमा पनि रोग किरा लाग्ने र नोक्सान हुन्थ्यो सागपातको लागि अभाव हुने र त्यसैमा सरसफाइको अवस्था एकदमै कमजोर थियो । घरवरपरि अव्यवस्थीत गोठे मल थियो । खानेपानीका लागि घरवाट टाढा जानु पर्दथ्यो । वोकेर ल्याएको पानीले सागपात तथा घरवारी व्यवस्थापन गर्न अत्यन्तै गाह्रो थियो । त्यसै गरि व्यक्तिगत सरसफाई तथा घरभित्र र घर बाहिरको सरसफाईमा घर परिवार र समुदायको खासै चासो थिए । सागपात तरकारी फलफुल  प्रशस्त खानपाउने वातावरण थिएन । जस्ले गर्दा हाम्रो स्वास्थ्यमा प्रतिकुल असर पर्ने तथा स्वास्थ्यमा बिभिन्न खालका समस्याहरु र कमजोरीहरु आउँथे ।"

२०७२ सालमा हाम्रो गाउँमा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना लागु भयो र परियोजनाले खानेपानीतथा सरसफाई योजना लगायत जीबीकोपार्जन कार्यक्रम संचालनमा ल्यायो । तत्पश्चात हामिले खानेपानी उपभोक्ता समिति गठन गरे संगै जिबिकोपार्जनको क्रियाकलापहरुमा घरवारी व्यवस्थापनका लागी घरवारी समुह गठन गरि मागमा आधारित कार्यक्रमको बारेमा जानकारी पायौं र बिभिन्न किसिमका तालिम तथा बिउ बिजन तथा प्राबिधिक सिपहरु उक्त परियोजनाका कर्मचारीहरुवाट प्राप्त गर्दा हामीहरुले आ-आफ्नो घरवारी व्यवस्थापन गरि जीवन स्तर सुधार गर्ने प्रतिवद्धता गर्‍यौं ।

यसै शिलसिलामा भागेश्वर घरवारी समुह अजयमेरु ४ चिपुरमा आवद्ध भई सीता विष्टले आफ्नो घरवरीपरि रहेको खेर गएको जमिनमा प्लाष्टिक घर भित्र काका खेतिर बाहिरको अन्य बारीमा काउली,सिमी, भेडेखुर्सानी, भान्टा,जस्ता बिभिन्न तरकारीहरु लगाई उत्पादन गरेर घरमा प्रशस्त मात्रामा ताजा तरकारी खानुका साथै बाकी उत्पादनलाई बजारमा लगी बिक्रि नियमित रुपमा गर्ने गर्दछिन । सीता विष्टले ३ पुरुष र २ जना महिला गरि जम्मा ५ जनाको परिवारका लागि आवश्यक पर्ने तरकारी यसै घरवारी व्यवस्थापन उपभोग गरेको कुरा समेत वताईन । सीता विष्टले एक प्लाष्टिक घरबाट मात्रै एक सिजनमा१२ देखि १५ हजार सम्मआयआर्जन गरेको कुरा वताउनु भयो । यसरी आयआर्जन भएको रकम बालबालिकाको पढाई खर्च तथा यस वर्षका लागि आफ्नो परिवारलाई वर्ष भरी पुग्ने गहुँ खरिद गर्न खर्च गरेको समेत जानकारी दिनु भयो । समुहका अन्य सदस्यहरुले पनिआआफ्नो घरवारी व्यवस्थापन गरि नियमित तरकारीको प्रयोग गर्नुका साथै स्थानीय बजारमा विक्री वितरण समेत गर्ने गरेका छन । यसरी आम्दानी गरेको रकम मध्ये योजनाको दिगो तथा मर्मत सम्भारका लागी मासिक रुपमा घट्टीगाड खानेपानी तथा सरसफाई योजना मामर्मत सम्भार कोष बाफत पानी महशुल रकम प्रतिधारा रु. १००



GOVERNMENT OF NEPAL    EUROPEAN UNION    Ministry for Foreign Affairs of Finland

तिर्ने गरेका छन । जस्को कारण योजनाको दिगोपना तथा ब्यक्तिगत जिबनयापन सुधारमा समेत सहयोग भएको छ । यस परियोजना आई सके पछि हाम्रो दैनिक दिनचर्यामा निकै नै परिवर्तन आएको कुरा हर्षित भएर सीता वताउँछिन ।

त्यसै गरि ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजनाको सहयोगमा साविकको चिपुर गाविसका धेरै स्थानमा घरवारी ब्यवस्थापन कार्यमा सहयोग गरि घरायसी तरकारी, काँका, फर्सी, लौका, सिमील गायतका स्थानीय तरकारीका उत्पादनमा बृद्धि भएको र वजारमा विक्रिगर्न किसानहरु नियमित रुपमाआई रहेको चिपुर वजारका स्थानीय ब्यापारी धर्म सिंह विष्ट वताउनु हुन्छ । तराकारी उत्पादनले स्थानीय किसानहरुको जीविकोपार्जनमा सुधार आएको र तरकारीको घरेलु उपयोग समेत बृद्धि भएको जानकारी स्थानीयहरु वताउँछन । समग्रमा यस परियोजनाले स्थानीय किसानहरुको जीवन स्तर सुधार गर्नका लागि घरवारी ब्यवस्थापनमा विशेष जोड दिनुपर्ने तथा प्रत्येक खानेपानी तथा सरसफाई योजनामा अनिवार्य रुपमा लागु गर्ने तथा प्रभावकारी कार्यान्वयन गर्न जोड दिनु पर्ने देखिन्छ ।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची ४ : भिजिविलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ।

| क.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २०७४/१०/२३ | १. ४ वटा खानेपानी योजनाहरुको बजार सामाग्री खरीदका लागि कोटेशन आह्वान गरिएको। |
| २ | रेडियो | यूनिटी एफ.एम. रेडियोसँगको सम्झौता अनुसार विभिन्न मितिमा | १. उपभोक्ता समितिसँग योजनाको बारेमा छलफल गरिएको इपिसोड प्रसारणका लागि।<br>२. घरबारी समुहका सदस्यहरुलाई आयआर्जन सम्बन्धि अन्तर्वार्ता कार्यक्रम सञ्चालन गरिएको इपिसोड प्रसारणका लागि।<br>३. सन्देशमूलक बिभिन्न जिंगलहरु नियमित रुपमा प्रसारण गरिएको।<br>४. घट्टीगाड खा. पा. तथा स. स. यो. को फिन्ल्यान्ड सरकारको संसदीय टोली र राजदुतावासको सल्लाहकार टोली लगायत युरोपियन युनियन टोलीद्धारा गरिएको योजनाको अनुगमनको बिस्तृत बिवरण रेडियो युनिटी एफ.एम.को ओइवसाईटमा राखिएको र प्रसारण गरिएको। |
| ३ | टेलिभिजन | | |
| ४ | सामाजिक सञ्जाल | २०७५।०१।०४ | १. घट्टीगाड खा. पा. तथा स. स. यो. को फिन्ल्यान्ड सरकारको संसदीय टोली र राजदुतावासको सल्लाहकार टोली लगायत युरोपियन युनियन टोलीद्धारा गरिएको योजनाको अनुगमन तथा विभिन्न अनुगमनका दृष्यहरु facebook बाट share गरिएको। |
| ५ | प्रदर्शनी | विभिन्न मितिमा | १. स्थानीय स्तरमा पोषण प्रवर्द्धनका लागि पोषण सम्बन्धि थाली प्रदर्शनहरु विभिन्न समूह तथा समुदायमा गरिएको।<br>२. स्थानीय विद्यालयहरुमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको लागि विभिन्न पोष्टरहरु र विधिहरु प्रदर्शन गरिएको। |
| ६ | श्रव्य दृष्य सामाग्रीहरु | | |
| ७ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | १. विभिन्न जनचेतना जगाउने, जानकारी दिने खालका वाल पेन्टीङ्ग, होर्डिङ्ग बोर्ड लगायतका सामाग्रीहरु विभिन्न स्थानहरुमा राखिएको।<br>२. योजना सम्पन्न हुँदा योजनाको बारेमा जानकारीमूलक तथा संरचनाहरुमा सन्देशमूलक जानकारीहरु राखिएको। |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ।

## अनुसूची ५ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजनाबाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| १ | हेमा चन्द शाही | अजयमेरु गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | फिल्ड सयोजक | १२ |
| २ | अनिल भण्डारी | अजयमेरु गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सब इन्जिनियर | ९ |
| ३ | रोहिना बोहरा | अजयमेरु गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जिविकोपार्जन प्रबर्द्धक | ९ |
| ४ | रोशनि रावल | अजयमेरु गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सरसफाइ तथा स्वच्छता प्रबर्द्धक | १२ |
| ५ | टेक राज पाठक | अजयमेरु गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सरसफाइ तथा स्वच्छता प्रबर्द्धक | १२ |
| ६ | गोबिन्द बल्लभ पाण्डेय | अजयमेरु गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जलश्रोत प्रबिधिक | १२ |

गाउँपालिका तथा माथि उल्लेखित सहयोगी ब्यक्तिहरुलाई परियोजनाको उद्धेश्य पूरा गर्नको लागि आवश्यकता अनुसार सहयोग गर्न, योजना तथा कियाकलापहरुको अनुगमन गर्न, तालिम लगायतका विषयहरुमा सहयोग गर्न प्राविधिक सहयोग इकाई र परियोजना सहयोग इकाईबाट पनि पटक पटक कर्मचारीहरु आवश्यकता अनुसार परिचालन भएका थिए ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland